**मिति २०७४ चैत्र २३गते बसेको कार्यपालिका बैठकमा पेश भएकाएजेण्डाहरु**

१. गोदावरी नगरपालिका भित्रका संस्थागत शैक्षिक संस्थाहरुको शैक्षिक सत्र २०७५ का लागी कक्षा थप सम्बन्धमा ।

२. गोदावरी नगरपालिका भित्रका सरकारी तथा सामुदायिक शैक्षिक संस्थाहरुको शैक्षिक सत्र २०७५ का लागी कक्षा थप सम्बन्धमा ।

३. सीप विकास तालिमको कार्यक्रम संसोधन सम्बन्धमा ।

४. न्यायिक समितिको कार्यविधी स्वीकृत सम्बन्धमा ।

५. आर्थिक सहयोग सम्बन्धमा ।

६. स्थानीय सहजकर्ताको तह सम्बन्धी ।

७. सिंचाई बोरिङ्ग सम्बन्धमा

८. "घ" वर्गको इजाजतपत्र सम्बन्धी कार्यविधी, २०७४ स्वीकृत सम्बन्धमा ।

**निर्णय नं. १ :**

गोदावरी नगरपालिका भित्रका संचालित संस्थागत विद्यालयहरुबाट शैक्षिक सत्र २०७५ मा कक्षा थपका लागी माँग भई आएको हुँदा शिक्षा शाखाबाट तत् तत् विद्यालयको अनुगमन तथा प्रस्तुत भएको तथ्याङ्कको आधारमा विद्यालयको भौतिक पूर्वाधार, विद्यार्थीको संख्या, स्रोत र सम्बन्धित वडा समितिको अनुगमन समेतलाई आधार मानी २०७५ बैशाखबाट लागु हुने गरि देहाय बमोजिमका संस्थागत विद्यालयहरुको स्थानीय सरकार संचालन ऐन, २०७४ परिच्छेद ३ दफा ११ उपदफा २ को (ज) (२) अनुसार कक्षा थपका लागी अनुमती दिने निर्णय गरियो ।

| क्र.सं. | संस्थागत विद्यालयको नाम | वडा नं. | माग भएको थप कक्षा | कैफियत |
|---|---|---|---|---|
| १ | मल्सिमी एकेडेमी, अत्तरिया | १ | कक्षा७ | |
| २ | किड्स जोन, अत्तरिया | १ | कक्षा ३ | |
| ३ | समताशिक्षानिकेतन, अत्तरिया | २ | कक्षा २ | |
| ४ | सत्यवती एकेडेमी, अत्तरिया | २ | कक्षा १० | |
| ५ | न्यू मिन्सु पब्लिक स्कूल, गेटा | ५ | कक्षा ८ | |
| ६ | केदारेश्वर इङ्गलिस बोडिङ्ग, लालपुर | ६ | कक्षा७ | |
| ७ | वेस्टर्न जेनियस एकेडेमी, बडेहा | ६ | कक्षा ८ | |
| ८ | पी.आर. इङ्गलिस बोडिङ्ग स्कूल, सेहरी | ९ | कक्षा ८ | |
| ९ | हिम कर्णालीइङ्गलिस बोडिङ्ग स्कूल, बल्मी | ९ | कक्षा ५ | |
| १० | मालाखेतीभिजनइङ्गलिस बोडिङ्ग स्कूल, दमौरा | १० | कक्षा७ | |
| ११ | गोदावरी चाइल्ड एकेडेमी | ११ | कक्षा ३ | |
| १२ | समैजीबालविद्यामन्दिर, ओलानी | १२ | कक्षा ३ | |
| १३ | हरिहर विद्यानिकेतन, ओलानी | १२ | कक्षा ८ | |

**निर्णय नं. २ :**

गोदावरी नगरपालिका भित्र संचालित सरकारी तथा सामुदायिक विद्यालयहरुबाट शैक्षिक सत्र २०७५ मा कक्षा थपका लागी माँग भई आएको हुँदा शिक्षा शाखाबाट तत् तत् विद्यालयको अनुगमन तथा प्रस्तुत भएको तथ्याङ्कको आधारमा विद्यालयको भौतिक पूर्वाधार, विद्यार्थीको संख्या, स्रोत र सम्बन्धित वडा समितिको अनुगमन समेतलाई आधार मानी २०७५ बैशाखबाट लागु हुने गरि देहाय बमोजिमका सरकारी तथा सामुदायिक विद्यालयहरुको स्थानीय सरकार संचालन ऐन, २०७४ परिच्छेद ३ दफा ११ उपदफा २ को (ज) (२) अनुसार देहायका सरकारी तथा सामुदायिक विद्यालयहरुलाई कक्षा थपको अनुमती दिने निर्णय गरियो ।

साथै यसरी कक्षा थपको अनुमति दिएका आधारमा नगरपालिकाले ती विद्यालयमा शिक्षक तथा कर्मचारीका लागि कुनै आर्थिक व्ययभार नवेहोर्ने समेत निर्णय गरियो ।

| क्र.सं. | सरकारी तथा सामुदायिक विद्यालयको नाम | वडा नं. | माग भएको थप कक्षा | कैफियत |
|---|---|---|---|---|
| १ | सुदुर पश्चिम मा.वी., उत्तर बनखेत | २ | कक्षा १० | |
| २ | चाँदनी प्रा.वी., एकान्तटोल | ४ | कक्षा ५ | |
| ३ | दुर्गा मा.वी., हाटखोली | ४ | कक्षा १० | |
| ४ | दुर्गा भवानी मा.वी., हरैया | ७ | कक्षा १० | |
| ५ | गोदावरी गुरुकुल संस्कृत विद्यापिठ, गोदावरी | ४ | कक्षा २ | गुरुकुलविद्यालय |
| ६ | भगवती प्रा.वी., फलबस्ती | ४ | कक्षा ६ | |

**निर्णय नं. ३ :**

गोदावरी नगरपालिकाको प्रथम नगर सभाबाट चालु आ.व. ०७४/७५ का लागी स्वीकृत वार्षिक नगर विकास योजनामा समावेस भएका अनुसूची ३ बमोजिमका विभिन्न चेतनामुलक, सीपमुलक, आयआर्जनका तालिम कार्यक्रमहरुलाई देहायको तालिका अनुसार संसोधन गर्ने निर्णय गरियो । साथै छनौट भएका सीपमुलक तालिम कार्यक्रमलाई यथाश्रिघ विभिन्न संघ संस्थासँग सेवा खरिद गरि कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

| **क्र. सं.** | **प्रथम नगर सभाबाट स्वीकृत कार्यक्रमको नाम** | **स्वीकृत रकम** | **क्र. सं.** | **संसोधित कार्यक्रमको नाम** | **संसोधित रकम** |
|---|---|---|---|---|---|
| १ | आदिवासी जनजाती, राना थारु, चौधरी थारुको लागी आर्थिक सशक्तिकरण कार्यक्रम | ५,००,०००।- | १ | मोवाइल मर्मत तालिम र सहभागीलाई टुल्स वितरण | ३,५०,०००।- |
| २ | अपाङ्गता भएका ब्यक्तिहरुको लागी आय आर्जन र क्षमता विकास कार्यक्रम | ४,००,०००।- | २ | मोटरसाईकल मर्मत तालिम र सहभागीलाई टुल्स वितरण | ४,५०,०००।- |
| ३ | दलित नागरिकका लागी आय आर्यन तथा क्षमता विकास | ४,००,०००।- | ३ | हाउस वायरिङ्ग तालिम र सहभागीलाई टुल्स वितरण | ४,००,०००।- |
| ४ | बेरोजगार ब्यक्तिहरुलाई स्वरोजगारमुलक तालिम | ४,००,०००।- | ४ | पलम्बिङ्ग तालिम र सहभागीलाई टुल्स वितरण | ४,००,०००।- |
| ५ | नागरिक सचेतना केन्द्रको क्षमता विकास कार्यक्रम | २,००,०००।- | ५ | ब्यूटिसियन तालिम र सहभागीलाई सामग्री विरतण | ४,००,०००।- |
| ६ | उद्यमशिलता विकास तालिम | ५,००,०००।- | ६ | हाते कडाई तालिम र सहभागीलाई सामग्री वितरण | ४,००,०००।- |
| ७ | कृषकहरुको क्षमता विकास तालिम | २,५०,०००।- | ७ | वेमौसमी तरकारी खेती तालिम र सहभागीलाई औजार तथा विउ वितरण | ४,००,०००।- |
| ८ | स्वरोजगारमुलक तालिम प्राप्त ब्यक्तिहरुका लागी ब्यवसाय संचालन गर्न बीउ पुजी | ६,००,०००।- | ८ | कारपेन्टर तालिम र सहभागीलाई औजार वितरण | ४,५०,०००।- |
| | **जम्मा** | **३२,५०,०००।-** | | | **३२,५०,०००।-** |

**निर्णय नं. ४ :**

नेपालको संविधानको धारा २१७ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ८ अनुसारको न्यायिक समितिको काममा सहजता ल्याउन गोदावरी नगरपालिका न्यायकि समिति कार्यविधी, २०७४ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

नेपालमा महिलाहरुको हक हितका सवालमा धनगढीमा आयोजना गरिएको प्रदेश नं. ७ स्तरिय कार्यक्रमका लागी २५,०००।- सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

साविकको गोदावरी गा.वि.स. यस नगरपालिकामा समावेश भई सो अन्तर्गतका कर्मचारीहरु पनि यस नगरपालिकाको नयाँ संरचना अनुसार मिलान भएको हुँदा विगत लामो समय देखी साविकको गोदावरी गा.वि.स.मा अस्थायी सेवामा कार्यरत स्थानीय सहजकर्ता श्री प्रकाश बहादुर कामी नियुक्ति हुँदाका बखत तह कायम नभई कामकाज गरि रहेकोमा तह कायम गरि पाउँ भनी मिति २०७४/९/३० गते यस कार्यालयमा दिएको निवेदन अनुसार निजलाई स्थानीय सहजकर्ता (सहायक स्तर चौथो) तह पद कायम गरि २०७५ बैशाख १ गतेबाट सोही बमोजिमको सुरु स्केल पारिश्रमिक दिने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

प्रथम नगर सभाबाट स्वीकृत चालु आ.व. ०७४/७५ का लागी अनुसूची ६ अन्तर्गतको कृषि तर्फ ३.१ मा साना सिंचाई निर्माण तथा मर्मत संभार कार्यक्रममा अनुदान शिर्षक बाट दायित्व व्यहोर्ने गरि बाँकी रहेको रकमको परिधीभित्र रही गोदावरी न.पा. ७, शान्तीटोल स्थित हरियाली आई.पि.एम. कृषि समूह (ख) लाई सिंचाईका लागी ४ इन्चको ५० फिट पाईप र जाली सहित ३ हर्षपावरको मोटर दिने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विशेषयज्ञतालाई उपयोग गर्न र श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचका लागी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को (छ) १० मा भएको व्यवस्था बमोजिम निर्माण व्यवसायीहरुको इजाजत पत्र जारी, नविकरण, खारेजी कार्यका लागी "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधी, २०७४ स्वीकृत गर्ने निर्णय गरियो ।